ऐन नं. २

# सोताङ गाउँपालिकाको विनियोजन ऐन, २०७५

गाउँ सभाबाट स्वीकृत मिति : –२०७५।०३।२९

## सोताङ गाउँपालिका

सोलुखुम्बु ।

**सोताङ गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५**

**प्रस्तावना :**

सोताङ गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सोताङ गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्तनाम र प्रारम्भः**

(१) यस ऐनको नाम" **सोताङ गाउँपालिकाको विनियोजन ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५।०७६को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, ससर्त अनुदान, बिषयगत अनुदान आन्तरिक आम्दानी र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २०,६१,५६,०००।- (अक्षेरुपी बीस करोड एकसठी लाख छपन्न हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ साथै गाउँपालिकाको सञ्चित खातामा ८१२।८२ सञ्चित रहनेछ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त सोताङ गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वाएक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा रखर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा

भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा(२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा गाउँ सभाको स्वीकृतिलिनु पर्नेछ ।

(४) अनुसूची २ मा रहेको ब्यय अनुमानका आधारमा गाउँपालिकाले चालु, पुँजिगत, र समपुरक कोषमा रहेको खर्च शिर्षक रकममान्तर गर्न सक्नेछ ।

आय व्ययको व्यवस्था अनुसूचि १ मा व्यवस्था गरिएको छ । गा.पा.को चालु खर्च अनुसूचि २ मा व्यवस्था गरिएको छ । गा.पा. तथा वडाका योजनाहरु अनुसूचि ३ मा व्यवस्था गरिएको छ । कृषिका योजनाहरु अनुसूचि ४ मा व्यवस्था गरिएको छ । पशुका कार्यक्रमहरु अनुसूचि ५ मा व्यवस्था गरिएको छ । स्वास्थ्य कार्यक्रमहरु अनुसूचि ६ मा व्यवस्था गरिएको छ । शसर्त अनुदान अनुसूचि ७ मा र पुरोनो भूक्तानी अनुसूचि ८ मा व्यवस्था गरिएको छ । साथै क्षेत्रगत विनियोजित वजेट अनुसूचि ९ मा व्यवस्था गरिएको छ । बजेटमा व्यवस्था नभएका अन्य सरकारी, गैरसरकारी संघ,संस्थाहरुले कुनै कार्यक्रम गर्दा गाउँकार्यपालिकाबाट अनुमती लिएर मात्र कार्यक्रम तथा खर्च गर्न सक्नेछन् ।